दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २३२ | बुटवल | २०८१ भदौ ०२, गते आइतबार | नेपाल संवत ११४४ | Sunday Aug.18, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं।
फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ।
त्यसैले
-खोला, धारा वा मूलको पानी सिधै नपिऔं।
-पानी उमालेर मात्र पिऔं।
-उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं।
-पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
-भाँडाहरु सफा पानीले पखालौं।
नेपाल सरकार, विज्ञापन बोर्ड


चर्को भन्सारको असर :

# एक अर्बको आयात रोक्ने बेल्चा उद्योग संकटमा

आयात प्रतिस्थापन गर्नसक्ने नेपालकै पहिलो उद्योगका समस्यामा सरकारी निकायको उपेक्षा देख्दा नेपालमा उद्योग नचलाऊ, उत्पादन नगर बरू विदेशबाट आयात गरेर व्यापार गर भन्न खोजेको पुष्टी भएको उद्योग सञ्चालकको गुनासो छ।

**टिआर शर्मा**

*बुटवल*

कोराना महामारीका बेला बुटवलका उद्योगी महेश थैवलाई घरायसी कामका लागि एक-दुई थान बेल्चा आवश्यक पर्‍यो। उनले बुटवल र आसपासका बजारभर खोजे तर पाइएन। दुई/तीन दिनसम्म खोज्दा पनि नपाइएपछि अचम्म मान्दै उनले बुटवलका पुराना हार्डवेयर व्यवसायी जेपी गुप्तासँग बेल्चा किन नपाइएको होला भनेर जिज्ञासा राखे। गुप्ताले बेल्चा नेपालमा उत्पादन नहुने र सबै भारतबाट आयात हुने भएकाले कोरोना महामारीका कारण आउन नपाएको जानकारी गराए। कुराकानीकै क्रममा गुप्ताले एक दर्जन बढी उद्योग चलाइरहेका थैवलाई नेपालमै बेल्चा र गैंटी उद्योग खोल्ने हो भने राम्रो बजार रहेको सुझाव समेत दिए। गुप्ताको सुझावलाई गज्जब आइडिया भन्दै थैवले धेरै कुरा बुझ्न नलागि उद्योग खोल्ने निधो गरेर कोरोनाकालमै एलसी खोलेर चाइनिज प्रविधिको मेशिन खरिद प्रकृया अघि बढाए।

अनि १५ करोड लगानीमा तिलोत्तमाको गंगोलियामा लक्ष्मी स्टिल उद्योग सञ्चालनमा ल्याए। प्रति १२ घण्टामा एक हजार थान बेल्चा उत्पादन क्षमताको मेशिन जडान भएसँगै उनले ३० हजार थान बेल्चा उत्पादन गरे। उनको उद्योगको नेपालमा बेल्चा उत्पादन गर्ने पहिलो उद्योग बन्यो। उनी यसमा दंग परे।

चिनियाँ प्रविधि भएकाले उनको उद्योगबाट उत्पादन भएका बेल्चा भारतबाट आयात हुनेभन्दा प्रयोग गर्न हलुका र हेर्दा राम्रो फिनिसिङका थिए। उपभोक्ताले रूचाएका पनि थिए। तर बजारमा भारतीय बेल्चासँग मूल्यमा प्रतिस्पर्धा गर्न कठिन भयो। कारण थियो चर्को भन्सार दरको असर। बेल्चा बनाउन प्रयोग हुने कच्चा पदार्थ आयातमा भन्सार शुल्क ३० प्रतिशत र मूल्य अभिवृद्धि कर १३ प्रतिशत भएका कारण उत्पादन लागत बढी भयो। तर बेल्चा आयातमा केवल ५ प्रतिशत मात्र अन्तःशुल्क कर थियो।

एक दर्जन अर्थात् १२ वटा तयारी बेल्चा आयात गर्दा १५ सय रुपैयाँ मात्र अन्तःशुल्क लाग्थ्यो। जसअनुसार प्रति बेल्चा १२५ रुपैयाँ कर हुन्थ्यो।

यही कारण भारतबाट कच्चा पदार्थ ल्याएर नेपालमा बेल्चा उत्पादन गर्दा प्रति बेल्चा करिब सय रुपैयाँ लागत महँगो पर्न गएको उद्योगका वित्त विभाग प्रमुख भेषराज आचार्यले बताए।

तयारी बेल्चामा न्यून करका कारण मूल्यमा प्रतिस्पर्धा गर्न नसकी लागतको १५ प्रतिशत घाटा खाएर बेच्नुपरेको आचार्यले बताए। आचार्यका अनुसार चर्को करका कारण भारतीय बेल्चाभन्दा प्रति पिस करिब ८० रुपैयाँ महँगो भएपछि बेच्न नसकी उत्पादन थन्किएर बसेको छ।



उद्योगका सञ्चालक महेश थैवले नेपालमा बेल्चा बनाउने उद्योग अरू नभएकाले एकछत्र बजार होला र बेच्न कुनै समस्या नहोला भन्ने ठानेर लगानी गरे पनि चर्को भन्सार दरका कारण भारतीय बेल्चासँग मूल्यमा प्रतिस्पर्धा गर्न नसकेपछि ३० हजार थान पछि थप उत्पादन रोकेको बताए।

सरकारको भन्सार नीतिकै कारण अहिले उद्योग संकटमा परेको र बन्द गर्नुपर्ने अवस्थामा पुगेको थैवले बताए।

'कच्चा पदार्थमा भन्सार दर घटाउन विभागीय मन्त्रालय, वाणिज्य विभाग, अर्थमन्त्री, उद्योग परिसंघ, उद्योग वाणिज्य महासंघ सबैतिर ज्ञापनपत्र दियौं, सबैले कुरा सुन्छन्, आश्वासन दिन्छन्, तर कसैले कार्यान्वयन गरेनन्, अब उद्योग नै बन्द गर्नुको विकल्प देखेका छैनौं।'- उनले भने।

थैवको उद्योग पूर्ण क्षमतामा चल्न सके वार्षिक ७ लाख २० हजार थान अर्थात् भारतीय बेल्चाको मूल्यअनुसार वार्षिक न्यूनतम २९ करोड रुपैयाँ मूल्य बराबरको बेल्चा उत्पादन गर्न सक्छ। यदि कच्चा पदार्थ आयातमा भन्सार दर न्यून गर्ने हो भने उद्योगमा मेशिन थपेर वार्षिक २५ लाख बेल्चा उत्पादन गरी बेल्चामा आत्मनिर्भर बनाइ आयात शून्य बनाउन आफूहरू सक्षम रहेको थैव बताउँछन्। आफूहरूको मागअनुसार भन्सार दरमा परिमार्जन हुने हो भने उद्योगले बेल्चासँगै गैंटीको पनि उत्पादन गर्न सक्ने थैव बताउँछन्।

'स्वदेशी उद्योगलाई संरक्षण र प्रवर्द्धन गर्ने नीति बनाउने हो भने हामी वार्षिक २५ लाख थान बेल्चा र गैंटी पनि उत्पादन गर्न सक्छौं, जसबाट एक अर्बभन्दा धेरै रकम भारत जान रोकिन्थ्यो,' थैवले भने-'एकातिर सरकारको चर्को भन्सार, अर्कोतिर साउथ एशियन फ्री ट्रेड एरिया (साफ्टा) को कारण तयारी वस्तुमा अति न्यून अन्तःशुल्कका कारण स्वदेशमा उद्योग चलाउन निकै अप्ठेरो छ, बरू आयात गरेर ब्यापार गर्न सहज छ।'

तयारी बेल्चामा अन्तःशुल्क बढाएर स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्ने सरकारको नीति हुने हो भने चिनियाँ प्रविधिको बेल्चा भारत निर्यात गर्न समेत सकिने सम्भावना रहेको थैव बताउँछन्।

विभागीय मन्त्री र सम्बन्धित निकायमा कच्चा पदार्थमा लगाइने चर्को भन्सार दरका विषयमा ज्ञापनपत्र बुझाउन जाँदा उनीहरूले स्वदेशी उद्योग मर्कामा परेको सत्य हो भन्ने तर भन्सार दर घटाउन तयार नहुँदा उद्योग बन्द गर्नुपर्ने अवस्था आएको थैवले बताए।

सरकारी निकायको रवैया देख्दा नेपालमा उद्योग नचलाऊ, उत्पादन नगर बरू विदेशबाट आयात गरेर ब्यापार गर भन्न खोजेको पुष्टी भएको उद्योगी थैवको गुनासो छ। 'बेल्चा उद्योगमा मात्र हैन, आयात प्रतिस्थापन गर्न सक्ने अरू थुप्रै उद्योगहरूको कच्चा पदार्थ आयातमा पनि चर्को भन्सार दर छ तर तयारी वस्तुमा नगण्य कर छ, यसरी कसरी उद्योग चलाउन सकिन्छ ?,' थैवले प्रश्न गरे-'नयाँ सरकारका अर्थमन्त्रीसँग पनि यो समस्या राखेका छौँ, उहाँले माग सम्बोधन गर्ने आश्वासन त दिनुभएको छ, कार्यान्वयन नभएसम्म उद्योगले उत्पादन सुचारू गर्ने अवस्था छैन।'

नेपाल उद्योग परिसंघ लुम्बिनीका अध्यक्ष एजाज आलम आयात प्रतिस्थापन गर्ने नवप्रवर्द्धन उद्योगलाई संरक्षण गर्ने गरी भन्सार नीति र करको दर उद्योगमैत्री हुनुपर्नेमा सरकार संवेदनशील हुन नसकेको बताउँछन्।

# एमाले संसदीय दलको नेतामा आचार्य



बुटवल। लुम्बिनी प्रदेशसभा, नेकपा एमाले संसदीय दलको नेतामा मुख्यमन्त्री चेतनारायण आचार्य चयन भएका छन्।

बुटवलस्थित मुख्यमन्त्रीको निवासमा प्रदेश इञ्चार्ज पद्मा अर्यालको प्रमुख आतिथ्यतामा शनिबार बसेको संसदीय दलको बैठकले यसअघि उपनेता रहेका आचार्यलाई नेता चयन गरेको हो।

यस्तै उपनेतामा भोजप्रसाद श्रेष्ठ चयन भएका छन्। दल नेता भएपछि आचार्यले प्रमुख सचेतकमा तुल्सीप्रसाद चौधरी र सचेतकमा यमुना रोका तामाङलाई नियुक्त गरेका छन्। चौधरी यसअघि पनि प्रमुख सचेतक थिए।

सचेतकमा भने दाङकी रेखाकुमारी शर्मा थिइन्। तर उनलाई हटाइएको छ। दलको नेता हुँदाहुँदै उपनेता आचार्यलाई मुख्यमन्त्री बनाएपछि असन्तुष्टी जनाउँदै संसदीय दलका नेता एवं पूर्व मुख्यमन्त्री लिला गिरीले दल नेताबाट राजीनामा दिएका थिए।

गिरीलगायत केही सांसद शनिबारको संसदीय दलको बैठकमा उपस्थित भएनन्। गिरीले संसदीय परम्परा, विधि र प्रकृया मिचेर मुख्यमन्त्री चयन भएको भन्दै पार्टी अध्यक्ष केपी शर्मा ओलीसँग तत्काल असन्तुष्टी पोख्दै दलको नेताबाट राजीनामा दिएको पत्र पठाएका थिए। गिरीले आफूमाथि अन्याय भएको बताउँदै आएका छन्।

दलको उपनेता चयन भएका भोजप्रसाद श्रेष्ठले सर्वसम्मतरुमा दलको नेता, उपनेता चयन भएका र प्रमुख सचेतक र सचेतक नियुक्ति पनि सहमतिमै भएको बताए।

# धर्मको आवरणमा विजय कृष्णमूर्तिको ठगी धन्दा

गुल्मी धुर्कोटका विजय भण्डारी उर्फ विजय कृष्णमूर्तिले धार्मिक अनुष्ठानको आवरणमा ठगी धन्दा चलाउँदै आएको खुलेको छ। उनी ठगी मुद्दामा जेल सजाय भुक्तान गरी निस्केका हुन्।



**लुम्बिनी संवाददाता**

*बुटवल*

काठमाडौँस्थित पशुपतिनाथ मन्दिर परिसरमा साउन १ देखि सञ्चालित कोटिहोम महायज्ञ शुक्रबार साउन ३२ गते सम्पन्न हुँदै गर्दा प्रहरीले महायज्ञ आयोजक मानवसेवा फाउन्डेसनका संस्थापक विजय भण्डारी उर्फ विजय कृष्णमूर्तिलाई पक्राउ गर्ने प्रयास गर्‍यो।

उनलाई पक्राउको प्रयास भएपछि अनेक टिप्पणी भएका छन्। विजय कृष्णमूर्तिले आत्तिँदै फेसबुक लाइभमा हिन्दु राष्ट्रको माग राखेकाले सरकारले पक्राउ गर्न लागेको बताएपछि झनै भ्रमहरू फैलिएका छन्। पक्राउको प्रयास हुनुको कारण के उनले भनेझैँ हो ?

प्रहरी अधिकारीहरू आफ्नो अपराधिक कर्म लुकाउन उनले गलत सन्देश प्रवाह गरेको बताएका छन्।

काठमाडौँ जिल्ला प्रहरी परिसरका एक अधिकारीले कृष्णमूर्तिले लिएको 'प्रहरी चारित्रिक प्रमाणपत्र'बारे सोधपुछ गर्न खोजेको बताएका छन्। प्रहरीका अनुसार यसअघि उनी विभिन्न मुद्दामा पक्राउ परेको र ठगी मुद्दामा १ वर्ष २ महिना जेल बसेर ८१ लाख ८५ हजार जरिवाना तिरेको अभिलेख छ।

विजयले आफूलाई कुनै मुद्दा नलागेको भनेर प्रहरीबाट 'क्लियर' प्रमाणपत्र लिएको पाइएपछि प्रहरीले पक्राउ गरी अनुसन्धान गर्न खोजेको छ। प्रहरी अधिकारीहरू गलत रिपोर्ट कसरी तयार भयो भन्ने बारेमा जान्न खोजिरहेका छन्। पक्राउ गर्न पशुपति यज्ञस्थलमा प्रहरी पुगेपछि स्थितिलाई विजयले तनावपूर्ण बनाएपछि प्रहरी त्यत्तिकै फर्केको थियो।

कुनै बेलाका विजय भण्डारी अहिले बाल योगेश्वर श्री विजय कृष्ण मूर्तिजी महाराज उर्फ विष्णु प्रपन्नाचार्य भनेर चिनाउँछन्। एक्लै महायज्ञ आयोजना गरेर चर्चामा आएका भण्डारीले भक्तहरूबाट प्राप्त भएको दान एकल तजबिजमा खर्च गरिरहेपछि अहिले विवादमा आएका छन्। अहिले पण्डितको भेषमा कोटिहोम लगाइरहेका भण्डारी ठगीको मुद्दामा दोषी ठहर भएर जेल सजायसमेत काटेका व्यक्ति हुन्।

गुल्मीको घुर्कोटवस्तुमा २०४४ साल असार १ गते जन्मेका विजयले प्रारम्भिक शिक्षा जन्मस्थान गुल्मीबाटै प्राप्त गरे। उनका बुवा मनिराम माओवादीका स्थानीय कार्यकर्ता थिए। विजय पनि माओवादीनिकट अखिल क्रान्तिकारीमा संलग्न भए। द्वन्द्वको उत्कर्षका बेला प्रहरीको निशानामा परेपछि ८ कक्षा पढ्दापढ्दै उनले गाउँ छाड्न बाध्य भए। काठमाडौँ गएर एसएलसी उत्तीर्ण गरे।

काठमाडौंको थानकोटमा रहेको अरविन्द योगा मन्दिर आश्रममा बसेर माउन्ट भ्याली विद्यालयबाट विजयले एसएलसी पास गरे।

एसएलसीपछि विजयको शिक्षाबारे धेरैलाई जानकारी छैन। उनी भने बैंगलोरलगायत विभिन्न विश्वविद्यालयबाट संस्कृतमा उच्चशिक्षा लिएको दाबी गर्छन्। २०६८ बाट भण्डारी गेरूवस्त्र धारण गरेर पुराण भन्न थालेपछि विजयको चर्चा हुन थालेको हो।। २०६८ वैशाखमा उनले ५ लाख रुपैयाँ जुटाएर कलंकीमा भागवत पुराण लगाए।

विभिन्न स्थानमा महायज्ञ, धानाञ्चल, कोटिहोम आदि नाममा धार्मिक अनुष्ठानको व्यवस्थापन गर्दै त्यसमा उठेको ठूलो दान रकम हात पार्दै आएको बताइन्छ। महायज्ञमा उठेको रकमको हिसाबकिताब पारदर्शी हुने गरेको छैन।

२०६८ सालमै उनले मानव कल्याण आध्यात्मिक परोपकार संघ नाम संस्था जिल्ला प्रशासन कार्यालयमा दर्ता गरे। उनले आफ्नो संस्थामार्फत् अमेरिकामा धार्मिक कार्यक्रम गर्ने भन्दै पैसा उठाए। धार्मिक अनुष्ठानका लागि नेपालबाट १०८ जना अमेरिका लैजाने भन्दै उनले जनही १ लाख रुपैयाँ उठाउने अभियान चलाएका थिए। कूल खर्च ५ लाख ५० हजार लाग्ने बताएर सुरुमा पेस्कीस्वरूप १-१ लाख उठाए।

» *बाँकी ३ पेजमा*




दैनिक लुम्बिनी

## सम्पादकीय

# सुस्तावासीको भरोसा

सरकार भनेको नागरिकको आशा, भरोसा र विश्वास गर्ने निकाय हो। नागरिकले अपनत्व लिँदा मात्रै सरकार र राज्य बलियो हुन्छ। राष्ट्र भएमा सरकार हुने हो। राष्ट्र हुनका लागि जमिन, नागरिक र सार्वभौमसत्ता हुनुपर्छ। राष्ट्रको भूगोलभित्र बस्ने नागरिकले सरकार हुनुको अनुभूति पाउन सक्दा मात्रै राष्ट्रियता बलियो हुन्छ।

नवलपरासीको सुस्ताका बारेमा धेरै चर्का कुरा भए। भारतले अतिक्रमण गरेको नेपाली भूमिका बारेमा चर्का भाषण गरेर राजनीति चलाएका दल र नेताहरूले नागरिकका समस्या समाधान गर्न लामो समय चासो दिएनन्। पछिल्ला वर्ष सरकारले सुस्तावासीको हितका लागि गरेको काम प्रशंसनीय छ। खासगरी २०७२ सालमा केपी ओली प्रधानमन्त्री भएपछि सुस्ताका बासिन्दाका समस्या समाधानको सुरुवात भएको थियो। २०७४ सालमा पुनः ओली प्रधानमन्त्री भएपछि योजनाबद्ध काम अघि बढे। अहिले सुस्तावासीले राज्यप्रति अपनत्वबोध गर्न पाएका छन्।

नारायणी नदी पारिको सुस्ता अहिले पूर्वाधार विकासले सुगम भएको छ। सुस्तावासीको दैनिकी सहज भएको छ। सोलारबाट बिजुली पुगेको छ। सडक पक्की भएको छ। विद्यालयमा आवश्यक जनशक्तिको व्यवस्थापन गरिएको छ। स्वास्थ्य चौकीमा जनशक्ति व्यवस्थापन भएको छ। विपन्न नागरिकलाई सरकारले घर बनाइदिएको छ। नारायणीमा झोलुङ्गे पुल बनेपछि सुस्तावासीको दैनिकी सहज मात्रै भएको छैन, नेपालको लामो पुल हेर्न आन्तरिक पर्यटकको भीड लाग्न थालेको छ। नारायणी नदीमा पुल नहुँदा सुस्तावासी डुङ्गाबाट नारायणी तर्थे। अर्को विकल्प भारतीय बाटो थियो। त्यसबेला भारतीय सीमा सुरक्षा फौज एसएसबीको गाली खानुपर्दाको दुःख र पीडा बेग्लै छ। करिब २३ करोड लागतमा पुल बनेपछि सुस्ता राज्यको मुलप्रवाहमा जोडिएको छ।

सुस्तावासीले लामो समय संघर्ष गरेर देशको भूमि जोगाए। तिनै साहसी र राष्ट्रवादी नागरिकको हितको लागि राज्यले आधारभूत सुविधा पुर्‍याएको छ। अब यी कामले मात्रै सुस्ताका बासिन्दा सन्तुष्ट हुँदैनन्। उनीहरूलाई जोतभोग गर्दै आएको जग्गाको लालपूर्जा चाहिएको छ। कतिपय बाहेक धेरैको नागरिकता छैन। सुस्ताका बासिन्दाले सशस्त्र प्रहरी बेसक्याम्प बसेपछि सुरक्षाको अनुभूति गर्न थालेका हुन्, अझैँ भारतीय थिचोमिचो हटेको छैन। उनीहरू पूर्णतःसुरक्षाको अनुभूति गर्न सकिरहेका छैनन्। उनीहरूले पूर्णतः सुरक्षाको अनुभूति पाउनुपर्छ। राज्यले गर्ने व्यवहार र सञ्चालन गर्ने कार्यक्रमबाट नै नागरिकले अपनत्व महसुश गर्न सक्छन्।

# युवा ढुकढुकीको लोकतन्त्र



डा. शोभाकर पराजुली



नेपालको शासन सत्ता कब्जा गरेर १०४ वर्षसम्म नेपाली नागरिकलाई 'रैती' बनाएको जहानियाँ राणा शासनविरुद्ध क्रान्तिको बिगुल समाउँदा महामानव बिपी कोइराला ३६ वर्षका तन्नेरी थिए। आफू जस्ता युवालाई उनले 'तरुण' भन्थे। नेपाली कांग्रेसमा पछि मात्रै गठन भएको बीपी परिकल्पनाको त्यही आयाम थियो। राणातन्त्र अन्त्य गर्ने क्रान्तिको नेतृत्व गरेर सफल भएपछि बीपी ३६ वर्षमै गृहमन्त्री बने।

इतिहासका अझ अघिल्ला पाना पल्टाउने हो भने तन्नेरी वयहरू ज्यानमा खेल्दै गर्दा २० वर्षमै त्यो बेला पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियान सुरु गरिसकेका थिए। नेपालमा राणा शासनविरुद्ध मात्रै होइन त्यो बेला विश्वका धेरै राष्ट्रमा बीपीकै उमेरका समकालीनले क्रान्ति अनि राष्ट्रको नेतृत्व गरिरहेका थिए। विश्वमा चलिरहेको प्रजातान्त्रिक आन्दोलनको लहरले धेरै 'तरुण'हरूलाई नेता बनाएको थियो। राष्ट्र अनि सरकारको नेतृत्व गर्ने अवसर पनि दिलाएको थियो। छिमेकी पाकिस्तानमा ३५ वर्षीया बेनजिर भट्टो प्रधानमन्त्री नै भइसकेकी थिइन्।

दक्षिण तथा पूर्वी एसियाका धेरै देशमा चलेको प्रजातान्त्रिक आन्दोलनबाट धेरै त्यस्ता तन्नेरीहरू नेतृत्वमा थिए। राणापछि फेरि जनताबाट राजाले खोसेको प्रजातन्त्रका लागि क्रान्ति छेँडेका बीपीले २०३६ सालमा टुँडिखेलमा भएको एउटा विशाल जनसभालाई सम्बोधन गर्दै युवापुस्तालाई आफूसँगै तुलना गर्दै सम्झिएका थिए। उनले त्यो बेला भनेका थिए 'म भन्दा धेरै दुःख पाएका र यातना सहेका, त्याग गरेका, तपस्या गरेका हाम्रो मुलुकमा सयकडौँ यङ्मेन (युवा) हरू छन्। म त चिनिएको छु, अरूहरू त प्रजातन्त्रको जगमा त्यस्ता गडेका पत्थरहरू हुन्, जसलाई कसैले चिन्दैन। प्रजातन्त्रको त्यो मन्दिरका तल गडेका जगमा रहेका ढुङ्गा जस्ता कति सहिद भए, आजको उत्साहको दिनमा हामीहरूले तिनीहरूलाई सम्झिनु पर्छ, जसको त्याग र बलिदानबाट आज यस ठाउँमा म उभिएर तपाईंहरूसँग केही भन्न पाइरहेछु।'

यही उद्गारबाट प्रस्ट हुन्छ बीपी गर्भसिद्धान्तको त्यो समाजवादका हरेक आत्मामा युवा हृदय धड्किन्थ्यो। 'समाजवाद' को ऐना हेर्न कांग्रेसको पंख बनेर उडेका युवाले त्यो बेला प्रजातान्त्रिक लडाइँको आकाश थामेका थिए, तर आज हामी देखिरहेका छौँ, युवापुस्ता राजनीतिबाट अलग छ। बालापनबाट किशोरवय हुँदै गर्दा हरेक युवाको सपना विश्वका सम्पन्न देशमा सयर गरिरहेको हुन्छ। यसको अर्थ हो हामीले युवा पुस्तालाई राजनीतिमा जोड्नसकेका छैनौँ। अर्थात् बीपी जस्ता दूरदर्शी नेतृत्वले परिकल्पना गरेको राष्ट्र निर्माणमा हामीले युवा कडीलाई जोड्न असफल भइसकेका छौँ।

आजको युवा राजनीतिको 'र' पनि सुन्न चाहँदैनन्। राष्ट्र निर्माणका लागि युवाको यो हदसम्मको 'नफरत' अन्ततः देशकै भविष्यको अँध्यारो बाटो पनि हो। यसमा न आजको नेतृत्व चिन्तित छ न राष्ट्रको भविष्यप्रति युवा नै। भारतका पूर्वराष्ट्रपति तथा वैज्ञानिक र दर्शनशास्त्री एपी जे अब्दुल कलामले भनेका छन्-'युवाको हौसला, उनीहरूको कौशल अनि समर्पणबाटै देशको भविष्य निर्माण हुन्छ। आज हामी हाम्रा तन्नेरी जमातले धामधम देश छोडेको टुलुटुलु हेरेर बसिरहेका छौँ। अनि त्यसमै हामी रमाइरहेका छौँ। आज राजनीतिमा युवा छैन, देशको नेतृत्वमा युवा छैन अनि देशमै युवा छैन। युवा नजोडिएका नेतृत्व अनि नीतिहरूले देशको कस्तो भविष्य निर्माण गर्लान् यो आफैँमा चिन्तनीय र सोचनीय छ।'

नेपालको तथ्याङ्क हेर्ने हो भने कुल जनसंख्याको लगभग ४० प्रतिशत युवा छन्। संविधानले तोकिदिएको 'युवा' उमेर घेरालाई आधार मान्ने हो भने यो संख्या सिङ्गो देशका लागि भरपुर ऊर्जा हो। तर हाम्रा यी युवा आज कहाँ छन् ? विमानस्थलमा हरक्षण देखिने भीडमा युवाका सपना पनि त्यसै त्यसै उडिरहेका छन्। हामी भन्छौँ, युवा देशको भविष्य हो तर युवा भविष्य मात्रै होइन बरु वर्तमानको दर्पण पनि हो। आजको युवा काँधले उचाल्न सके मात्रै देश बन्न सक्छ। नेपाली राजनीतिक इतिहासमा भएका हरेक परिवर्तनका लडाइँहरू युवा काँधले नै थामेका थिए। अग्रमोर्चामा शासकविरुद्ध ज्यानको बाजी थापेका उनै युवा जोसका कारण देशमा प्रजातन्त्र आयो। लोकतन्त्र र गणतन्त्रसम्म आइपुग्दा त्यस्ता धेरै युवाको रगत र बलिदानले हाम्रो पुस्ता सिञ्चित भएको छ। २०५२ सालमा माओवादीले सुरु गरेको सशस्त्र युद्धमा सयौँ युवाले बलिदान दिए। त्योभन्दा अघि जाँदा २००७ सालको आन्दोलन होस् वा त्यसपछि पञ्चायतविरुद्ध ३० वर्ष लडाइँ वा २०५९ पछि राजा ज्ञानेन्द्र शासनविरुद्ध सडकमा ओर्लिएका युवा। यी सबका सपनाको मूल्य त हामीले चुकाउन सक्दैनौँ। कम्तीमा बलिदानी ती युवाका सपनाखातिर शासनसत्तामा बसिसकेपछि हामीले सोच्नुपर्ने थियो- त्यो बलिदानको बदला उनीहरूले के पाए ? अनि राष्ट्रले के पायो ?

राजनीतिले परिणाम दिन नसकेकाले त्यही निराशाका कारण युवा देश छोड्न मात्रै बाध्य छैनन् बरु राजनीतिप्रति नै यति वितृष्णा भरिइसकेको छ कि आजको युवापुस्ता राजनीतिका कुरासमेत सुन्न चाहन्न। परिवर्तनको त्यो बेजोड युवापुस्तालाई हामीले सत्ता चुम्ने भऱ्याङ मात्रै बनायौँ। उनीहरूको त्याग, बलिदान र सपनालाई हामीले त्यसपछि स्वाट्टै छोडिदियौँ। आज अनि भोलिका लागि तयार हुँदै गरेको पुस्तालाई राजनीतिमा आकर्षित गर्नका लागि कुनै पनि राजनीतिक दलसँग त्यस्तो कुनै नीति छैनन्।

विश्वका कतिपय देशमा हेर्‍यौँ भने धेरै त्यस्ता राष्ट्र समृद्धिको आकाशमा उडिरहेका छन्, जहाँ युवापुस्ताले राष्ट्रको नेतृत्व गरिरहेको छ। नीति निर्माण तहमा युवा वर्गलाई सुनिश्चित गर्नका लागि नेपालमा पनि २०७२ सालमा राष्ट्रिय युवा परिषद् गठन भएको छ, तर त्यो पनि कर्मकाण्डी मात्रै भयो। युवाका लागि चाहिने नीति निर्माणको तहमा यो पुस्ता होइन उही प्राचीन पुस्ता नै छ। त्यसले न युवाको भावना बुझ्छ न त त्यस अनुसार नीतिनिर्माण गर्छ। यसका लागि तर्जुमा गरिएका लक्ष्य र उद्देश्यले राज्यका हरेक क्षेत्रमा युवापुस्ताको नेतृत्वदायी र परिणाममुखी सहभागिता सुनिश्चित गर्नु नै हो।

खास गरी राष्ट्रिय रूपमा तयार पारिएका युवा नीतिमा निम्न विषय उल्लेख छन्-

- देश निर्माण तथा राष्ट्रिय विकासमा युवा वर्गको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,
- युवालाई राष्ट्र एवं राष्ट्रियता, नागरिक तथा शासन प्रणालीप्रति प्रतिबद्ध र समर्पित बनाउँदै उत्तरदायी तथा जवाफदेही बनाउने,
- युवा वर्गमा सिर्जनशीलता, उद्यमशीलताको विकास गर्दै उनीहरूमा रहेको क्षमताको उजागर गर्ने,
- नैतिक, सुसंस्कृत, सिर्जनशील तथा व्यावसायिक रूपमा दक्ष युवा तयार पार्ने,
- राष्ट्रका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवं कार्यान्वयन प्रक्रियामा सहभागी गराउने,
- लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण संलग्नताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रूपमा स्थापित गर्ने,
- आफ्नो पहिचान स्थापित गर्ने संवेदनशील अवस्थामा रहेका युवाको शिक्षा, रोजगारी, वृत्ति विकासलगायतका वैयक्तिक एवं सामाजिक विकासमा सघाउने,
- शिक्षा आर्जनका क्रममा रहेका समाजमा प्राथमिकता तथा विशेष प्राथमिकताको समूहमा रहेका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने।

आज हाम्रा यी नीतिविपरीत युवाशक्ति विदेशतिर पलायन भइरहेका छन्। त्यसलाई रोक्नका लागि हामीले कुनै नीति कार्यान्वयन गरिरहेका छैनौँ। बरु सस्तो लोकप्रियताका लागि युवालाई बिदेसिन प्रेरित गरिरहेका छौँ। यसले देशमा केही पैसा भित्रिएला, केही परिवारको आर्थिक अवस्था अलिमाथि उठ्ला तर देशको समग्र भविष्य के हुन्छ ?

हाम्रा खेतबारी बाझैँ छोडेर आज युवा धमाधाम देश छोडिरहेका छन्। गाउँमा मलामीसमेत पाइन छोडिसके। यस्तो दयनीय अवस्था कसरी आयो ? यसमा राजनीतिक दलहरूले गम्भीर भएर सोच्नुपर्ने भइसकेको छ। परिवर्तनका लागि युवाशक्तिको त्यो निर्भिक ज्वाला प्रयोग भयो आज त्यो परिवर्तन संस्थागत गर्नका लागि पनि युवाशक्तिको जरुरी छ।

राज्यका हरेक नीति, निर्माण र निर्णायक भूमिकामा युवाको सहभागिता सुनिश्चित नभएसम्म हामीले हाम्रा परिवर्तन संस्थागत गर्न सक्दैनौँ। आफ्नो जवानीका सारा सपना लुटाएर परिवर्तनका लागि बलिदान दिने तमाम युवाका ती सपनासँग खेलबाड गरिरहने छुट अब नराखौँ। लोकतन्त्रको विकल्प अझ उन्नत र समृद्ध लोकतन्त्र नै हो। अनि त्यसको सबैभन्दा सुन्दरता भनेको युवा नै हो। जसले त्यो तन्नेरी काँधमा राष्ट्रको भविष्यको गह्रुँगो जिम्मेवारी पनि सजिलै बोक्न सक्छ। गोपबाट

## टिप्स / जानकारी

# राम्रोसँग निद्रा नलाग्ने कारण के-के हुन सक्छन् ?

हामीमध्ये कतिलाई राम्रोसँग निद्रा पर्दैन। मनमा कुरा खेलिरहन्छ। कसैलाई धेरै समय सुत्नुपर्छ भने कसैलाई थोरै समय सुत्दा पनि निद्रा पुग्छ। राति छिटो निद्रा खुल्ने, निद्रा खुलेपछि फेरि निदाउन नसकिने समस्या पनि हुन्छ। कहिले रातभरि, दिनभरि सुत्ने, कहिले सुत्दै नसुत्ने बानी पनि धेरैको हुनसक्छ। लामो समय निद्रामा समस्या भयो वा राति पूरा समय निदाउन सकिएन भने समस्या हुनसक्छ।

लापरबाही गरेर पूरा समय नसुत्दा शारीरिक र मानसिक समस्या ल्याउन सक्छ। त्यसैले जुनसुकै समयमा पनि शरीरलाई आवश्यक पर्ने निद्रा पूरा गर्नुपर्छ। हाम्रो शरीरमा विभिन्न अंग छन्। सबैको आफ्नै काम छन्। त्यसमध्ये मस्तिष्कको एउटा प्रमुख काम हो निद्रा। मानिसको वृत्तिविकासमा निद्राको भूमिका महत्वपूर्ण हुन्छ। उमेरअनुसार मानिसको सुत्नुपर्ने समय फरक हुन्छ। बच्चाहरु धेरै समय सुत्छन्। उमेर बढ्दै जाँदा निद्राको समय घट्दै जान्छ। सामान्यतयाः मानिसलाई ६ देखि ७ घण्टा सुत्नैपर्छ। रात्रिकालीन काम गर्ने मानिसहरु दिउँसो सुत्छन्। सामान्य अवस्थाबाहेक मानिस कम सुत्छ वा चाहिनेभन्दा बढी अवधि सुत्छ भने त्यसका विभिन्न कारण हुनसक्छन्।

**निद्रा नलाग्नुका पनि विभिन्न कारण हुन्छन्**

**तनाव–** अहिलेको व्यस्त समयमा मानिसलाई विभिन्न किसिमको तनाव हुन्छ। तनावका कारणले निद्रा नपर्ने हुन्छ। राति छटपटी हुने, मनमा धेरै कुरा खेल्ने, तर्सिने, सुतेको केही घन्टामै निद्रा खुल्ने, सपना राम्रो नदेखिने कारणले पनि निद्रा पर्दैन।

निद्रा नपर्नुको अर्को कारण एन्जाइटी डिसअर्डर हो, जसका कारण सुतेको बेला तर्सिने समस्या हुन्छ। जस्तोः भूकम्प गएपछि धेरैलाई फेरि भूकम्प आउँछ कि भनेर तर्सिने समस्या भएको थियो।

बच्चाहरु ठूलो मानिसभन्दा धेरै समय निदाउनुपर्छ। बच्चा राति र दिउँसो सुतेन, धेरै चकचक गर्‍यो वा आमाबाबुलाई धेरै सताउने भयो भने चिन्ता गर्नुपर्ने हुन्छ। सोच्नुपर्छ, केही समस्या छ कि भनेर।



कसैलाई डिप्रेसनका कारणले निद्रा पर्दैन। डिप्रेसनले जाँगर नचल्ने, ओछ्यानमा पल्टिरहन मन लाग्ने, बढी सुत्ने, आलस्य हुने लक्षण देखिन्छ। अल्कोहल सेवनका कारणले पनि निद्रामा असर पर्छ।

कसैलाई मेनिया भन्ने रोग छ भने उसलाई एक/दुई घण्टाभन्दा धेरै निद्रा पर्दैन। तर, पनि बिहान उठ्दा उनीहरु फ्रेस नै देखिन्छन्, फूर्तिलो महसुस गर्छन्। यस्तो समस्या भएकाहरुमा ठूलोठूलो गफ गर्ने, धाक लगाउने, राति निद्रामा हिँडिरहने जस्ता लक्षण हुन्छन्।

**निद्रा गडबडी भएमा देखिने समस्या**

निद्रा गडबडी हुँदा मनोवैज्ञानिक र शारीरिक समस्या बढ्छ। निद्रामा गडबडी भएमा टाउको दुख्ने, बिहान फ्रेस अनुभव नहुने, दिनभर अल्छी लाग्ने, जीउ भारी भएर आउने, स्मरण शक्ति घट्दै जाने, कुनै पनि काममा एकाग्रपन नहुने, खान मन नलाग्ने, जस्ता समस्या देखिँदै जान्छन्। स्ट्रेस बढ्दै गएपछि दिमागले पनि नियमित काम गर्न सक्दैन।

हामीले देख्दै आएका छौँ, चाडबाडको समयमा कति मानिसहरु रातभर-दिनभर जुवातास खेल्ने, अल्कोहल खाने गर्छन्। रातभर नसुती तास खेल्दा समस्या निम्त्याउँछ। पर्वको समयमा हाम्रो शारीरिक अभ्यास गर्ने बानी हुँदैन। खानपानमा समेत सन्तुलन नहुने र लामो समय निद्रा नपुग्दा खराब नतिजा निम्तिन सक्छ।

लामो दूरीको यात्रा वा विदेश यात्रामा जाँदा समयमा फरक पर्छ। जसको कारण सुत्ने समयमा गडबडी आउँछ। कति मानिस बाहिरबाट आएकोले निद्रा लागेन भन्दै आउनुहुन्छ।

यो अवस्थालाई जेट ल्याग भनिन्छ। मोस्ट कमन स्लिप डिसअर्डर हो जेट ल्याग। यो समस्या एक/दुई दिनपछि आफैँ ठिक भएर जान्छ। सधैँको भन्दा फरक स्थानमा जाँदा र सुत्ने समयमा परिवर्तन हुँदा यस्तो समस्या हुन्छ।

अरु मानसिक तनाव हुँदा पनि निद्रा नपर्ने हुन्छ। कसैलाई निद्रासम्बन्धी नै समस्या हुनसक्छ। जसलाई स्लिप डिसअर्डर भनिन्छ। यो धेरैथरीको हुन्छ। बिनातनाव, डिप्रेसन नभई निद्रासम्बन्धी मात्र समस्या पनि हुन्छ। कति मानिस न्द्रिा परेन भनेर अनेकथरी जाँच गरी निकै रुपैयाँ खर्च गर्छन्। तर, समस्या समाधान हुँदैन।

केही दिनअघि एकजना बिरामी आउनुभएको थियो। उहाँलाई दुई वर्षदेखि निद्रा नपर्ने समस्या रहेछ। लामो समय हुँदा किन जाँच गराउनु भएन भन्दा आफैं ठिक होला भनेर नआएको भन्नुभयो। पछिल्लो समय अन्य समस्या देखिन थालेपछि आउनुभएको रहेछ। उहाँलाई अन्य केही समस्या थिएन। निद्रासम्बन्धी नै समस्या थियो। निद्रासम्बन्धी समस्या भएकाहरुका लागि स्लिप हाइजिन मेन्टेन गर्न पनि सकिन्छ।

**लामो समयदेखि निद्रा परेको छैन भने :**

सुत्ने कोठाको, पर्दाको कलर परिवर्तन गर्ने, धेरै ब्राइट कलर नराख्ने,
बत्ती बालेर सुत्ने बानी छ भने निलो कलरको जिरो वाटको बल्व बाल्ने,
सुत्नुभन्दा आधा घन्टाअघि मनतातो पानीले नुहाउने,
साँझ ५ बजेपछि कफी नपिउने,
सकेसम्म राति अल्कोहल सेवन नगर्ने,
विद्यार्थीले ओछ्यानमा बसेर नपढ्ने,
झुपुझुपु निद्रा नलाग्दासम्म ओछ्यानमा नजाने,
रातिमा धेरै एक्साइटेट गेम, फिल्महरु नहेर्ने र
हल्का खाना खानेजस्ता उपाय गर्न सकिन्छ।

दिउँसो निदाउनुपर्छ नभए समस्या हो भन्ने उहाँहरुमा भ्रम छ। सकभर दिउँसो त सुत्ने नै होइन। दिनभरि काम गर्ने, सक्रिय रहने हो। बिहानको खानापछि आराम गर्ने भन्दै सुतिहाल्ने पनि कतिको बानी हुन्छ। तर, कहिले पनि त्यसो गर्नुहुँदैन। यसरी दिउँसो सुत्दा मोटोपन हुने, खानेबित्तिकै सुत्दा ग्यास्ट्रिकको समस्या हुने हुन्छ।

तपाईं एक/दुई दिन मात्र निद्रा नलाग्दैमा अस्पताल आइपुग्नु पर्दैन। लामो समयदेखि निद्रा परेको छैन, जसले नियमित प्रक्रियामा असर परेको छ, समस्या बढ्दै गएको छ भने एकपटक जाँच गराउनुपर्छ। नियमितभन्दा चाँडो निद्रा लाग्ने, छट्पटी हुने, निदाउन गाह्रो हुने वा निदाएपछि फेरि ब्युझिहाल्ने, रीस उठ्ने, टाउको दुख्ने र जीउ भारी हुने जस्ता समस्या भएमा चिकित्सकको सल्लाह लिँदा राम्रो हुन्छ।

*–(मानसिक रोग विशेषज्ञ डा. रितेश थापा)*

# योग र अध्यात्मबारे प्रशिक्षण



बुटवल । रोटरी क्लब अफ बुटवल चौतारीको नियमित बैठकमा योग र प्रणायामबारे प्रशिक्षण दिइएको छ ।

क्लबको २१५औं नियमित बैठकका अवसरमा योगसम्बन्धी प्रवचन दिइएको हो । कार्यक्रममा पथिक फाउण्डेशन रूपन्देहीका संयोजक माधव पौडेलले कुशल जीवन र यसका लागि अपनाउनु पर्ने तरिकाबारे सहजीकरण गरेका थिए ।

योगले कसरी मानिसलाई सकारात्मक मार्गमा हिंडाउन मद्दत गर्छ, मानिसको स्वास्थ्यमा कसरी आमूल परिवर्तन ल्याउँछ र जीवनमा सकारात्मक उर्जा प्रदान गर्छ भन्ने विषणमा पौडेलले प्रशिक्षित गरेका थिए ।

मानिसले आफ्नो जीवनलाई अध्यात्मसँग जोड्दै अघि बढ्नुपर्नेमा जोड दिँदै उनले भोक र रोगले सताएको व्यक्ति आध्यात्ममा लाग्न नसक्ने र धार्मिकता जस्तो सजिलो अध्यात्म नभएको बताए । व्यक्तिले आफ्नो जीवनलाई सफल बनाउनका लागि पनि आध्यात्मिक धारलाई अघि बढाउनु पर्नेमा जोड दिँदै उनले यसतर्फ लाग्दा मानिसको नकारात्मक मनोभावना समेत हटेर जाने जनाए । रोटरी क्लब अफ बुटवल चौतारीले केडिया ग्रुप अर्गनाइजेशनका अध्यक्ष ताराचन्द्र केडिया र बुटवल उप-महानगरपालिका वडा नम्बर ११ का वडाध्यक्ष रामचन्द्र क्षेत्रीलाई क्लबको मानार्थ सदस्यता प्रदान गरेको छ ।

दुईजनालाई मात्र मानार्थ सदस्यता प्रदान गर्न सकिने मापदण्ड बमोजिम क्लबले केडिया र क्षेत्रीलाई मानार्थ सदस्यता प्रदान गरेको हो । शनिबार क्लबको २१५औं नियमित बैठकका अवसरमा दुवैजनालाई मानार्थ सदस्यताको प्रमाणपत्र प्रदान गरिएको क्लबका अध्यक्ष नुमलाल पौडेल (नुमेन्द्र) ले जानकारी दिए ।

त्यस अवसरमा बोल्दै केडिया ग्रुप अर्गनाइजेशनका अध्यक्ष ताराचन्द्र केडियाले रोटरी क्लब अफ बुटवल चौतारी सिंगो समाजको लागि प्रेरणाको स्रोत बनोस् भनी शुभकामना दिए । उनले क्लबले समाजमा छुट्टै पहिचान कायम गर्ने विश्वास समेत व्यक्त गरे ।

अर्का मानार्थ सदस्य बुटवल-११ का वडाध्यक्ष रामचन्द्र क्षेत्रीले निश्वार्थ भावनाका साथ क्लबले समाजका लागि गरेको योगदानको स्मरण गर्दै आगामी दिनमा सामाजिक कार्यका लागि आफूले पनि हातेमालो गरेर अगाडि बढ्ने बताए । उनले क्लबले अगाडि सारेका योजनाहरूमा आफूले पनि साथ दिने बताए ।

पश्चिम नवलपरासीका जिल्ला न्यायाधीश हरि पंगेनीले आफुमा पनि समाजसेवा गर्ने हुटहुटी रहेको भन्दै क्लबले विभिन्न क्षेत्रमा गरेको योगदानबाट आफू पनि प्रभावित भएको बताए ।

त्यस अवसरमा अभिभावक महासंघ लुम्बिनी प्रदेशका महासचिव झविन्द्र पौडेलले क्लबले सबै वर्ग र क्षेत्रका नागरिकलाई समेटेर अगाडि बढ्नुपर्ने सुझाव दिए ।

क्लबका चार्टड प्रेसिडेन्ट विष्णु घिमिरेले यो वर्ष क्लबले २ लाख ५० हजारको अक्षयकोष स्थापना गरेको र जसबाट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने निर्णय गरिएको जानकारी गराउँदै एम्बुलेन्स खरीदको प्रक्रिया पनि अन्तिम चरणमा पुगेको जानकारी दिए । त्यस्तै उनले ह्वील चेअर वितरणको योजना पनि रहेको जानकारी दिए ।

क्लबका अध्यक्ष नुमलाल पौडेल (नुमेन्द्र) ले आफ्नो कार्यकालमा क्लबको सचिवालय भवन निर्माणदेखि एम्बुलेन्स खरीद गरी शीतगंगा नगरपालिका वडा नम्बर ६ अर्घाखाँचीलाई हस्तान्तरणलगायत अन्य विभिन्न योजनाहरू अगाडि बढाइएको बताए ।

बैठकमा रोटरीयन खगेन्द्र बेलबासेले पनि आफ्नो धारणा राखेका थिए । त्यस अवसरमा रोटरीको नयाँ सदस्यता लिएकाहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

# एनइएको अध्यक्षमा बञ्जाडेको पनि उम्मेदवारी

बुटवल । देशभरका इञ्जिनियरहरूको छाता संगठन इञ्जिनियर्स एसोसिएसन (एनइए) को अध्यक्षमा रूपन्देहीका इञ्जिनियर नन्दलाल बञ्जाडेले पनि उम्मेदवारी दिएर प्रचार प्रसार अभियान थालेका छन् । आगामी भदौ २८ गते हुने ३४औं कार्यकारिणी समितिको निर्वाचनमा अध्यक्षमा बञ्जाडेले उम्मेदवारी दिएका हुन् । अध्यक्षमा बञ्जाडेसहित ६ जनाको उम्मेदवारी परेको निर्वाचन समितिका संयोजक इञ्जिनियर डा. पवनकुमार भट्टराईले बताए ।

निर्वाचन समितिका अनुसार अध्यक्षमा बञ्जाडेसहित राजेन्द्रप्रसाद हाडा, रामेश्वरप्रसाद कलवार, विष्णुप्रसाद पाण्डे, दीपक श्रेष्ठ र सुवास चन्द्र बरालको उम्मेदवारी परेको छ । एकीकृत समाजवादी सम्बद्ध समाजवादी इञ्जिनियर्स एसोसियसन नेपाल (सीन)का तर्फबाट बञ्जाडेको उम्मेदवारी परेको हो । बञ्जाडेले इञ्जिनियरहरूको संस्थालाई सकभर सहमतीय नेतृत्वका लागि पहल गरिए पनि त्यो सम्भव नभएपछि अन्तत निर्वाचनको मैदानमा उत्रिएको बताए ।

इञ्जिनियरहरूका बिचमा साझा जस्तै रहेका बञ्जाडेले इञ्जिनियरहरूको हकहित र राष्ट्र निर्माणलाई मुख्य चुनावी एजेन्डा बनाएका छन् ।

२०७५ सालमा बाग्मती प्रदेशको पहिलो अध्यक्षमा निर्वाचित भइसकेका बञ्जाडेले केन्द्रीय कार्यकारीणी अध्यक्ष बनेर इञ्जिनियर्स एसोसिएशनको नेतृत्व गर्न मैदानमा होमिएका हुन् । यसअघि बाग्मतीको अध्यक्षमा पराजित भएका सुभाष चन्द्र बराल नै बञ्जाडेका अहिलेका पनि मुख्य प्रतिस्पर्धी हुन् । उनी नेपाली कांग्रेस निकट सिडेनका हुन् । ६२ वर्षअघि विस २०१९ सालमा स्थापित नेपाल इञ्जिनियर्स एसोसिएसनमा निरन्तर सीडेनको पकड थियो ।

३२औं केन्द्रीय कार्यकारिणी निर्वाचनमा एमाले र माओवादी मिल्दा पीनले अध्यक्ष र नियोनले महासचिव जितेका थिए । ३३औं निर्वाचनमा सबैले अलग अलग उम्मेदवारी दिएका थिए । यो पटक वामपन्थी इञ्जिनियरहरूबिच तालमेल गर्ने भनिए पनि अन्ततः पीन र नियोनबिच नेतृत्वमा सहमती नभएपछि छुट्टाछुट्टै निर्वाचन हुने भएको हो ।

'हामी सकभर सहमतीमै नेतृत्व बनाउने, त्यो पनि नभए वामपन्थीहरूबिच एकता हुनुपर्छ भन्नेमा थियौं,' सिनका तर्फबाट अध्यक्षका उम्मेदवार बञ्जाडेले भने -'अब संस्थालाई नेतृत्व गर्ने र इञ्जिनियरहरूको पेशागत हकहित र राष्ट्र निर्माण गर्न म मैदान उत्रेको छु ।' उनले इञ्जिनियरहरूले आफूलाई साथ दिने विश्वास व्यक्त गरे ।

इञ्जिनियरिङ कलेजबाट स्नातक(बी.ई) गरेर इञ्जिनियरिङ परिषद्बाट लाइसेन्स प्राप्त इञ्जिनियरहरू यस संस्थाको सदस्य हुन पाउने प्रावधान छ ।

२८ भदौमा काठमाडौं, विर्तामोड, विराटनगर, इटहरी, जनकपुर, वीरगंज, हेटौंडा, भरतपुर, पोखरा, बुटवल, दाङ, नेपालगञ्ज, सुर्खेत र धनगढी गरी १४ स्थानमा मतदान केन्द्र रहनेछन् । निर्वाचन समितिले प्रकाशन गरेको केन्द्रीय प्रारम्भिक सूचीअनुसार अध्यक्षमा ६, उपाध्यक्षमा ७, महासचिवमा ६ तथा उप-महासचिव, कोषाध्यक्ष र सह-कोषाध्यक्ष पदमा ७/७ जनाले उम्मेदवारी दिएका छन् । १२ सदस्य पदका लागि ७४ जनाले उम्मेदवारी दिएका छन् ।

बुटवल उ.वा.संघमा तीज मिलन :

# मानवसेवा आश्रममा आश्रितलाई दर



बुटवल । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीमा तीज मिलन कार्यक्रम गरिएको छ । त्यस्तै बुटवलको मावनसेवा आश्रममा आश्रितलाई दर खुवाइएको छ । संघमा गठित पुस्तक तथा स्टेशनरी बस्तुगत समितिले तीज मिलन तथा दरखाने कार्यक्रम गरेको हो भने ब्यूटिपार्लर बस्तुगत समिति र महिला उद्यमी बस्तुगत समितिले बुटवलको मानवसेवा आश्रममा आश्रितलाई तीजको दर खुवाइएको हो ।

कार्यक्रममा बोल्दै बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष हरिप्रसाद अर्यालले सबै जातजाति, धर्म समुदायका संस्कार र संस्कृतिको संरक्षण गर्दै मौलिकता सहितको पहिचानमा जोड दिए । उनले पछिल्लो समयमा संस्कृतिको मौलिकता हराउँदै गएको बताउँदै कला संस्कृतिको मौलिकताको रक्षाका लागि संवेदनशिल हुनुपर्ने बेला आएको पनि बताए ।

ब्यूटिपार्लर बस्तुगत समिति र महिला उद्यमी बस्तुगत समितिले बुटवलको मानवसेवा आश्रममा आयोजना गरिएको कार्यक्रममा बोल्दै महिला उद्यमी बस्तुगत समितिकी सभापति श्रृष्टि गुरुङले परम्परागत संस्कृतिसँग जोडिएका विषयमा नकारात्मक कुरा मात्रै आउने गरेको बताउँदै राम्रा पक्षको चर्चा धेरै हुन सके नराम्रा कुराहरु निरुत्साहित हुँदै जाने बताइन । उनले नकारात्मक कुरालाई भन्दा पनि राम्रा कुराहरुको प्रचारमा जोड दिइन ।

त्यस्तै ब्यूटिपार्लर बस्तुगत समितिकी सभापति रेनु कर्माचार्यले संस्थाले सामाजिक उत्तरदायित्व बहन गरी आश्रममा आश्रितलाई थोरै भए पनि खुसी प्रदान गर्न आश्रममा दर खुवाउने कार्यक्रम आयोजना गरिएको बताइन । कार्यक्रम महिला उद्यमी बस्तुगत समितिकी सचिव सुनिता गिरीको सञ्चालनमा भएको थियो ।

त्यसैगरी पुस्तक तथा स्टेशनरी बस्तुगत समितिको आयोजनामा संघमा गरिएको तीज मिलन तथा दर खाने कार्यक्रममा बोल्दै उक्त समितिका सभापति बोधराज शर्माले समितिमा रहेका सदस्यहरुमा आपसी सद्भाव तथा भाईचारा अधिबृद्धिका लागि तीज मिलन कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

पुस्तक तथा स्टेशनरी बस्तुगत समिति समन्वयकर्ता, संघकी कार्यसमिति सदस्य कमला पन्तले यस्ता कार्यक्रमले आपसी सद्भाव भाइचार अभिवृद्धि हुनुको साथै व्यवसायिक क्षेत्रमा आपसी समन्वय समेत बढ्ने विश्वास व्यक्त गरिन । कार्यक्रम उक्त बस्तुगत समितिका उपसभापति प्रकाश भट्टराईको सञ्चालनमा भएको थियो ।

कार्यक्रममा सम्बन्धित बस्तुगत समितिका पदाधिकारी सदस्यहरुसहित संघका पदाधिकारी तथा कार्यसमितिका सदस्यहरुको सहभागिता रहेको थियो ।

**धर्मको...**

अमेरिका लैजाने झुटो भएको बुझेपछि पीडित ३३ जनाले काठमाडौं प्रहरी परिसर र अपराध महाशाखामा ३३ जनाले एक करोड ३८ लाख रुपैयाँ ठगी गरेको आरोपमा भण्डारीविरुद्ध उजुरी दिए ।

दसैं मनाएर घरबाट फर्कने क्रममा २०६९ कात्तिकमा जिल्ला प्रहरी कार्यालय गुल्मीले उनलाई पक्राउ गऱ्यो । भण्डारीसँगै उनकी श्रीमती सुलोचनाविरुद्ध पनि जिल्ला अदालत काठमाडौंमा २०७१ असोज १ गते मुद्दा दायर भयो ।

यो मुद्दामा २०७३ साल मंसिर ६ गते जिल्ला अदालतका न्यायाधीश हरिप्रताप केसीले फैसला गर्दै विजय भण्डारीलाई दुई वर्ष ६ महिना कैद र ८१ लाख ८५ हजार बिगो जरिवानाको सजाय सुनाएको थियो । फैसला हुँदासम्म भण्डारी २ वर्ष २९ दिन थुनामा बसिसकेका थिए ।

बाँकी रहेको ३ महिना र १ दिन सजाय भोगेर भण्डारी २०७३ साल चैत १४ मा जेलमुक्त भए । पत्नी सुलोचनालाई तीन लाख रुपैयाँ जरीवाना र ३ महिना कैद सजाय सुनाइएको थियो ।


## सच्चाईएको सूचना ।

यहि मिति २०८१/०४/३२ गते यस राष्ट्रिय दैनिक लुम्बिनीमा प्रकाशित सहिद विष्णु पाण्डे स्मृति आधारभूत विद्यालय, सुस्ता-४, गोकुलनगर, नवलपरासीको विज्ञानपन नं.१/०८१/०८२ हुनुपर्नेमा अन्यथा भएकोले सच्चाईएको छ ।


Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office
Arghakhanchi

## Invitation for Online Bids

Date of publication: 18th August, 2024 (2081-05-02)

Road Infrastructure Development Office (RIDO), Arghakhanchi invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following works under National Competitive Bidding. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

*Information to deposit the cost of bidding document in Bank(NRs. 3000):*
*Name of the Bank: Rastriya Banijya Bank Ltd., Sandhikharka.*
*Name of the Office: Road Infrastructure Development Office, Arghakhanchi.*
*Rajaswa Shrishak No.:- 14229; Rajaswa Account No.: 1000200010000*
*Last Date of Bid Purchase and Submission:18th September, 2024 (2081-06-02)12:00 Hrs.*

| S.N. | Name of Project/Contract No. | Estimated Amount Excluding VAT | Bid Security Amount with Validity up to 16thJan, 2025 |
|---|---|---|---|
| 1 | Tari Satbise Bhedirakhane Motorbato starunntai / RIDO-ARG-W-NCB-01-2081/082 | 64,65,302.86 | 1,65,000 |
| 2 | Fudwang Bhuwandada Ghumti sadak starunnati Sandhikharka 6 / RIDO-ARG-W-NCB-02-2081/082 | 43,10,366.22 | 1,10,000 |
| 3 | Supadeurali Khanchikot Kiteni Dihi Kharjyang khola Fudwang Sandhikharka 7 / RIDO-ARG-W-NCB-03-2081/082 | 43,10,279.89 | 1,10,000 |
| 4 | Khilji Durwang Sadak starunnati Bhumikasthan 6 / RIDO-ARG-W-NCB-04-2081/082 | 43,10,204.94 | 1,10,000 |
| 5 | Mathura Dekhi Gauripipal Dharampani Bhaisidhara Simichaur Sadak Chhtradev-4 / RIDO-ARG-W-NCB-05-2081/082 | 43,10,303.47 | 1,10,000 |
| 6 | Dhaleka Pipal Sadhanbutta Durga Sadak Starunnati Panini 3/ RIDO-ARG-W-NCB-06-2081/082 | 43,10,297.49 | 1,10,000 |
| 7 | Deurali Bamruk Nunthala Bajhakharka (Khanda) motorbato/ RIDO-ARG-W-NCB-07-2081/082 | 43,10,304.89 | 1,10,000 |
| 8 | Dharmpani Beltari Pakale Motorbato Starunnti / RIDO-ARG-W-NCB-08-2081/082 | 43,10,339.42 | 1,10,000 |
| 9 | Timure Bhedirakhane Kamerpani Motorbato / RIDO-ARG-W-NCB-09-2081/082 | 43,10,320.40 | 1,10,000 |
| 10 | Harre Bokhar hudai Siddara Lauri Baseni Lamatal pul Sitganga 7, 8 ra 10 / RIDO-ARG-W-NCB-10-2081/082 | 43,10,337.12 | 1,10,000 |
| 11 | Myaldhap Pokharathok motorbato Panini Arghakhanchi / RIDO-ARG-W-NCB-11-2081/082 | 43,10,313.61 | 1,10,000 |
| 12 | Pharsawa Takura Dewalchaur motorbato, Panini 3/ RIDO-ARG-W-NCB-12-2081/082 | 43,10,264.79 | 1,10,000 |

## बालविकास (स.का.) पदपूर्ती सम्बन्धमा ।

विद्यालयको कोड नं.: ४८०३४०००२ मितिः २०८१/०५/०२

प्रस्तुत सन्दर्भमा सुस्ता गाउँपालिकाको मिति २०८१।०४।२० गते च.न.९७ को पत्रअनुसार यस विद्यालयमा थप भएको बालविकास कोटा संख्या १ मा विज्ञापन गरी स.का. (महिला) नियुक्त गर्न सुस्ता गाउँपालिकाबाट अनुमती प्राप्त भएकोले यस विद्यालय व्यवस्थापन समितीको मिति २०८१।०४।३१ गतेको निर्णय अनुसार तपशिलका आवश्यक योग्यता पुगेका नेपाली नागरिक संग दरखास्त आहवान गरिन्छ ।

**पदः बालविकास स. का. (महिला)** **विज्ञापन नं. ०१/२०८१/०८२**
**पद संख्याः १ (एक)** **तह / किसिमः : बालविकाश स. का. (करार)**
**उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।** **न्युनतम शैक्षिक योग्यताः आई.एड. उत्तीर्ण वा सो सरह**
**तलब स्केल : नियम अनुसार** **दरखास्त दस्तुर : १०००/- (एक हजार मात्र)**
**दरखास्त दिने अन्तिम मिति : २०८१/०५/१६ गते विद्यालय समय भित्र ।**
**सम्पर्क मितिः : २०८१/०५/१७ गते ।**
**परीक्षा मिति र परिक्षा केन्द्र : सम्पर्क मितिका दिन तोकिने छ ।**
**परीक्षा किसिमः लिखित र अन्तरवार्ता**
**आवश्यक कागजातहरुः शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रतिलिपी, नेपाली नागरिक्ताको प्रतिलिपी निरोगिता प्रमाण पत्रको प्रतिलिपी, र हस्तलिखित निवेदन ।**

### श्री नारायणी गण्डकी आधारभूत विद्यालय
सुस्ता-३, पत्थरकला, नवलपरासी
सम्पर्क नं: ९८५७०१३६००, ९८१७४५७६४०

## देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

### करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८१/५/२)

प्रस्तुत विषयमा "समृद्धिका लागि वन कार्यक्रम" अन्तर्गत यस कार्यालयमा वन प्राविधिक पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्नु पर्ने भएको हुँदा निम्न बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र दरखास्त दस्तुर बुझाएको रसिद सहित यस नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न पदपूर्ति समितिको मिति २०८१/४/३२ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/०८१-०८२ | वन प्राविधिक | अधिकृतस्तर छैठौं | १ (एक) |

१.आवश्यक न्यूनतम योग्यता र अनुभवः- (क) नेपाली नागरिक हुनु पर्ने ।
(ख) शैक्षिक योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान विषयमा स्नातक तह उत्तीर्ण ।
(ग) उमेरः- दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको ।
२. दरखास्त दस्तुरः रु. १०००/-
३. दरखास्त दिने अन्तिम मितिः- २०८१/५/१६ गते कार्यालय समयभित्र सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन ।
४. दरखास्त दिने स्थान :- देवदह नगर कार्यपालिकाको कार्यालयेँकेरवानीँरुपन्देही ।
५. परीक्षाको किसिमः- लिखित तथाअन्तरवार्ता ।
६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेका देहायका कागजातको प्रतिलिपहरु
क) नेपाली नागरिकता प्रमाणपत्रकोछायाँप्रति
ख) तोकिएको शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको छायाँप्रति
ग) प्रष्ट मुखाकृति र दुवै कान देखिने हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
घ) दरखास्त दस्तुर बुझाएको रसिद । ङ) अनुभव तथा तालिम सम्बन्धी प्रमाणपत्रहरु (उपलब्ध भएमा)
७. सेवा सुविधाः-कार्यालयको निर्णयानुसार ।
८. परिक्षाको मिति र स्थानः- पछि प्रकाशन गरिनेछ ।
९. अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।
द्रष्टव्यःअन्य आवश्यक जानकारिको लागि कार्यालय समयमा नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला ।

देवदह नगरपालिका


## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# प्रदेश सरकार संकटमा : मन्त्री कार्की



**लुम्बिनी संवाददाता**

*भैरहवा*

लुम्बिनी प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले प्रदेश सरकार आफैं आर्थिक संकटबाट गुज्रिरहेको बताउँदै व्यवसायीको हितमा काम गर्न नसकेको बताए । सुस्ताएको उद्योग व्यवसायलाई चलायमान बनाउन सरकार र निजी क्षेत्रबिच छलफल आवश्यक रहेको बताए ।

चेम्बर अफ कमर्स (उद्योग व्यापार संगठन, रुपन्देही) को १७औं वार्षिक साधारणसभाको शनिबार भैरहवामा उद्घाटन गर्दै मन्त्री कार्कीले देशको आर्थिक उन्नतिको लागि सबै इमान्दार बन्नु पर्ने बताए । उनले भारतीय पर्यटकलाई दुःख दिने राम्रो पाटो नभएको बताउँदै छिमेकी मुलुक भारतका पर्यटकका गाडी देख्नेबित्तिकै १०औं ठाउँमा रोकेर चेकजाँच गर्नु राम्रो कुरा नभएको बताए । उनले हामीले भारतमा गाडी लिएर जाँदाखेरी खास दुःख दिइए जस्तै देखिंदैन, तर नेपालमा विभिन्न ठाउँमा चेकजाँचको नाममा भारतीय पर्यटकले दुःख पाइरहेको गुनासो गरे ।

सिमानाकामा भारतीय पर्यटकलाई प्रहरी प्रशासनबाटै अनेक बाहानामा दुःख दिने गरेको सुनिएकोले यसलाई तत्काल रोक्नु पर्ने उनले बताए । भारतीय पर्यटकको नेपालमा आवागमन बढ्नेबित्तिकै आर्थिक चलायमान बढ्ने उनको भनाइ छ । उनले भने-'विदेशीलाई हामीले सम्मान कसरी गर्न सक्छौं ? ती कुरामा हामीले ध्यान दिन जरुरी छ ।' केही काम गरौं भन्ने आफूहरुको सौंच रहेको मन्त्री कार्कीले जनाए ।

'देशको परिस्थितिले सरकार उथलपुथलका कारण मुलुकमा राजनीतिक स्थायीत्व हुन सकेको छैन । दुईवटा सरकारको विकल्पमा अहिले हामी आएका छौं । हामीले पनि केही गर्न सकेनौ भने उद्योगी, व्यवसायी, जनतामा नकारात्मक असर पक्कै जान्छ । हाम्रा अगाडि धेरै चुनौती छन् । तर, सबै मिलेर अघि बढ्दा ती चुनौती पार गर्न सक्छौं । इमान्दारिताका साथ अघि बढे सफल हुन सक्छौं ।'-उनले भने ।

मन्त्री कार्कीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल चलाउने भन्ने मोटामोटी सहमति बनेर कमिटी बनेको र विमानस्थल सञ्चालनका लागि प्रदेश सरकारले निरन्तर घचघचाइरहेको बताए । उनले विमानस्थल सञ्चालन भए केही भए पनि राहत हुने बताए ।

त्यस्तै नेपाल चेम्बर अफ कमर्स, लुम्बिनी प्रदेशका अध्यक्ष टंकप्रसाद पोखरेलले अर्थतन्त्र लयमा फर्किन नसकेको बताए । उनले भने-'हामी सरकारको सहयोगी बन्न चाहन्छौं । निजी क्षेत्रका मलिन अनुहारमा मुस्कान ल्याउनु छ । सरकारले उपयुक्त वातावरण बनाउनुपर्छ । आर्थिक गतिविधि चलायमान बनाउनुपर्छ ।' अध्यक्ष पोखरेलले राजनीतिक नेतृत्व करेक्शन हुनुपर्ने र सरकारले निजी क्षेत्रको मन जित्नुपर्नेमा जोड दिए ।

उद्योग व्यापार संगठन, रुपन्देहीका अध्यक्ष दर्पण श्रेष्ठले सरकारी नीतिनियम, कानूनको साथसाथै कार्यान्वयन एवं उद्योगी व्यवसायी तथा कृषि मैत्री समयानुकुल अझैं पनि हुन नसकेकाले सम्पूर्ण लगानी जोखिमपूर्ण रहेको बताए । उनले आर्थिक विकास र समृद्धिको साथैसाथै सामाजिक सुरक्षा पनि जरुरी रहेकाले यसैमा केन्द्रित रहेर समस्याको पहिचान, त्यसको सैद्धान्तिक अवधारणासहितका निदान, प्राथमकिता क्षेत्रको छनौटका साथै त्यसलाई कार्यान्वयन गर्ने विधि तयार पार्ने दायित्व राज्यको काँधमा रहेता पनि आफूहरुले आभास पाउन नसकेको बताए ।

संगठनका पूर्वअध्यक्ष नारायणप्रसाद भण्डारीले पछिल्लो समय धेरै उद्योगी-व्यवसायी पलायन भएको भन्दै चिन्ता व्यक्त गरे । उनले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल जसरी पनि सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनले भने-'बैंकले जति नै ब्याजदर घटाए पनि अहिले व्यवसायी ऋण लिन तयार छैनन् ।'

नेपाल राष्ट्र बैंक सिद्धार्थनगरका कामु निर्देशक जीवन प्रकाश पाण्डे, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, सिद्धार्थ होटल संघ, नेपालका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले निजी क्षेत्र अर्थतन्त्रको मुख्य खम्बा रहेकोले निजी क्षेत्रको विकास बिना अर्थतन्त्र चलायमान हुन नसक्ने, प्रदेश सरकारले व्यवसायिक संघ-संस्थासँग छलफल गर्दै अघि बढ्नुपर्ने, लुम्बिनी प्रदेशमा धेरै पर्यटकीय गन्तव्य रहेको र ती गन्तव्यसम्म पुग्न पूर्वाधार निर्माण गरे पर्यटन क्षेत्रको विकासमा टेवा पुग्ने बताए ।

उद्योग व्यापार संगठन, रुपन्देहीका वरिष्ठ उपाध्यक्ष सचिन रोक्काको स्वागत, निवर्तमान अध्यक्ष अनिलकुमार ज्ञवालीको धन्यवाद ज्ञापन तथा महासचिव लक्ष्मी अधिकारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा संगठनका नयाँ आजीवन सदस्यहरुलाई सम्मान गरिएको थियो ।

# मुटुरोग विशेषज्ञ सेवा सुरु



भैरहवा । रूपन्देहीको भैरहवामा रहेको सिद्धार्थनगर सीटी अस्पतालले मुटु रोगको विशेषज्ञको उपचार सेवा सुरु गरेको छ । सेवाको मायादेवी गाउँपालिकाका अध्यक्ष ध्रुवनारायण चौधरीले एक कार्यक्रमकाबीच शनिबार उद्घाटन गर्दै सिद्धार्थ सिटी हस्पिटलले सबै नागरिकको पहुँच पुग्ने गरी विभिन्न विशेषज्ञ सेवा प्रदान गर्दै आइरहेको बताए । उनले यस क्षेत्रका मुटुरोगीहरु उपचारका लागि बुटवल धाउनुपर्ने बाध्यता रहेकोमा मुटुरोगीहरुका लागि सुविधा सम्पन्न पूर्वाधार र विशेषज्ञ चिकित्सकीय सेवासहित मुटुरोग विभाग सञ्चालनमा आएर यस क्षेत्रका बिरामी धेरै लाभावित हुने बताए ।

अस्पताल भवनको पहिलो तलामा मुटु विभागमा आवश्यक इको, इसिजी, टीएमटी, होल्टर, एबीपी, सिसियु आदि सबै उपकरणहरु जडान गरिएको सेवा सुरु गरेको अस्पतालका प्रबन्ध निर्देशक अर्जुन पौडेलले बताए । छिट्टै क्याथ ल्याब सञ्चालन गरिने उनले बताए ।

यसअघि बालरोग, गाइनो, मृगौला, न्युरो सर्जरीलगायत विशेषज्ञ सेवा प्रदान गर्दै आएको अस्पतालले स्थानीय बासिन्दाको मागबमोजिम मुटुरोग विभाग स्थापना गरेको जनाएको छ । ७ वर्षअघि मायादेवी-८ स्थित एयरपोर्ट रोडमा अस्पताल भवनको शिलान्यासका क्रममा व्यक्त गरेको प्रतिबद्धताअनुसार मुटुरोग विभाग सञ्चालनमा ल्याएको उनले बताए । 'अत्यन्त संवेदनशील सेवा भएकाले केही ढिलो भयो ।'- उनले भने ।

अस्पतालले नयाँ विभागमा बंगलादेशको ढाकामा अध्ययन गरेका मुटुरोग विशेषज्ञ चिकित्सक सुधीरप्रसाद शाहको नेतृत्वमा उपचार सेवा प्रदान गरिने उनले जनाए ।

कार्यक्रममा बोल्दै मुटुरोग विशेषज्ञ डा. सुधीरप्रसाद शाहले आफ्नो विभागबाट अस्पतालले गुणस्तरीय चिकित्सकीय सेवा प्रदान गर्ने प्रतिबद्धता जनाए ।

अनुभवी चिकित्सक र नर्सिङ समूह बनाएर सेवा सञ्चालनमा ल्याएकाले सर्वसाधारणले गुणस्तरीय सेवा प्राप्त गर्ने छ । 'पोलिक्लिनिकबाट सेवा सुरु गरेको अस्पतालले नागरिक समाज, व्यवसायी र दक्ष चिकित्सकको मद्दतले अहिले सुविधा सम्पन्न अस्पताल सञ्चालन गर्न सफल भएको छ ।

अस्पतालका अध्यक्ष वरिष्ठ मृगौला रोग विशेषज्ञ डा. सुवोध कुमार पाण्डेको अध्यक्षता, सञ्चारकर्मी सम्झना शर्माको सञ्चालन, मायादेवी गाउँपालिकाका अध्यक्ष ध्रुवनारायण चौधरीको प्रमुख अतिथ्यतामा सम्पन्न कार्यक्रममा कपिलवस्तु शुद्धोधन गाउँपालिकाका अध्यक्ष कमलेश शरण चौधरी, मायादेवी वडा नम्बर ८ का वडाध्यक्ष चोकबहादुर थापा, सिटीयभिटी लुम्बिनी प्रदेशका प्रमुख गोपाल चापागाईं, लायन्स डिष्ट्रिक ३२५ पि टुका संस्थापक गभर्नर नवराज न्यौपाने, बीएमजीका संस्थापक अध्यक्ष विजय गोविन्द श्रेष्ठ, अग्रज पत्रकार दिलिप भट्टराई, ओम साई नर्सिङ्ग कलेजका अध्यक्ष मीना पन्थीलगायतले मुटु विभागको सेवा प्रभावकारी बनोस् भन्दै शुभकामना व्यक्त गरेका थिए ।

अस्पतालले फोहोर व्यवस्थापन, सडक निर्माणलगायत अस्पतालको प्रशासनिक एवम् स्वास्थ्य सेवामा सहज बनाउन योगदान दिएकोमा मायादेवी गाउँपालिका अध्यक्ष र वडाध्यक्षलाई सम्मान समेत गरेको छ ।

# कांग्रेस-माओवादी गठबन्धन विजयी



कञ्चन । रूपन्देहीको हरैया बहुमुखी क्याम्पस सञ्चालक समितिको चुनावमा राजनीतिक दलहरूले गठबन्धन गरेर प्यानलै बनाइ चुनावी प्रतिस्पर्धा गरेका छन् ।

क्याम्पस सञ्चालक समितिको शुक्रबार भएको चुनावमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र राप्रपाको गठबन्धनबाट टिकाराज गिरीको प्यानलै विजयी भएको छ । राष्ट्रिय जनमुक्ति पार्टी र रास्वपाको समर्थन पाएको नेकपा एमालेका उम्मेदवार कञ्चन गाउँपालिकाका पूर्व अध्यक्ष गोकर्णबहादुर क्षेत्रीको प्यानलै पराजित भएको छ । हरैया माविका पूर्व शिक्षक क्षेत्री हरैया बहुमुखी क्याम्पसको समेत पूर्व अध्यक्ष हुन् ।

११ सदस्यीय सञ्चालक समितिमध्ये क्याम्पससभा सदस्यहरूबाट सात जनाका लागि भएको चुनावमा नेकपा एमाले नेतृत्वको गठबन्धनका सातैजना पराजित भए । निर्वाचन समितिका संयोजक रामजी आचार्यका अनुसार क्याम्पसका पूर्व प्राध्यापक समेत रहेका गिरीले १६७ मत प्राप्त गरी विजयी हुँदा प्रतिस्पर्धी क्षेत्रीले १४० मत प्राप्त गरे । निर्वाचनमा ३२६ क्याम्पससभा सदस्यमध्ये ३०९ मत खसेको थियो । सदस्यहरूमा भानुभक्त भण्डारी, दिपक पौडेल, सागर शर्मा, भोजराज उपाध्याय, कृष्णप्रसाद चालिसे, देवीलाल पौडेल, तिलकचन्द्र थापा निर्वाचित भएका छन् ।

# कांग्रेस लुम्बिनीका महामन्त्रीसँग स्पष्टीकरण माग

बुटवल । नेपाली कांग्रेसको केन्द्रीय अनुशासन समितिले पार्टीका लुम्बिनी प्रदेश महामन्त्री विक्रम खनालसंग स्पष्टीकरण सोधेको छ ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य चुनाव २०७९ मा पश्चिम नवलपरासी क्षेत्र नं. २ का पार्टीका उम्मेदवार देवेन्द्रराज कंडेललगायतलाई हराउन भूमिका खेलेको भन्दै परेको उजुरीका आधारमा स्पष्टिकरण सोधिएको हो । खनालले अनुशासन समिति संयोजक आनन्दप्रसाद ढुंगानालाई स्पष्टिकरण समेत बुझाइसकेका छन् । संयोजक ढुंगानाले खनालको स्पष्टिकरण प्राप्त भएको जानकारी गराउँदै केन्द्रीय समिति बैठकपछि यसबारे निर्णय हुने बताए ।

२०७९ मंसिर ४ गते सम्पन्न प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्यको निर्वाचनको क्रममा खनालविरुद्ध नेपाली कांग्रेसका महासमिति सदस्य एवं समानुपातिक उम्मेदवार राधेश्याम पाठक, प्रतिनिधि सभाका समानुपातिक उम्मेदवार अयोध्याप्रसाद यादव, महाधिवेशन प्रतिनिधि एवं प्रदेशसभा सदस्य उम्मेदवार २(१) का उम्मेदवार बैजनाथ कलवार, प्रतिनिधिसभा सदस्य समानुपातिक उम्मेदवार लालबहादुर गुरूङ्ग, सरावल गाउँपालिका कार्यसमितिका सभापति विनोदकुमार पाण्डेय, केन्द्रीय सदस्य विनोदकुमार चौधरी र केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार देवेन्द्रराज कण्डेल समेतले विभिन्न आरोपसहित उजुरी दिएका थिए । उनीमाथि पार्टीका आधिकारिक उम्मेदवारलाई पराजित गराउन विभिन्न सार्वजनिक स्थानमाकार्यकर्ताहरूलाई निर्देशन दिएको विषय सामाजिक सञ्जाल, अडियो भिडियोमा समेत आएको, राप्रपाको उम्मेदवारलाई जिताउने कार्यमा विपक्षी दलहरूसँग निरन्तर समन्वय र बैठकहरू गरेको, पार्टीका उम्मेदवारहरूले बारम्बार फोन सम्पर्क तथा भेट्ने प्रयास गर्दा समेत सम्पर्कमा नआएको, नेपाली कांग्रेसको उम्मेदवारलाई जसरी पनि पराजित गराउनु पर्छ भनेर विपक्षी दलका नेताहरूसँग लगातार लविङ्ग गरेको, रूखमा होइन हलोमा नोट दिनु भन्ने अभियान चलाएको आरोप उजुरीमा रहेका थिए ।

महामन्त्री खनालले भने आरोपहरू सत्य नभएको दाबीसहित स्पष्टिकरण बुझाएको बताए । महान्त्री खनाल पार्टीभित्र संस्थापन इतरका हुन् भने उजुरी दिनेहरू संस्थापन पक्षका हुन् । चुनावमा प्रतिनिधिसभा सदस्यमा कंडेलले हारेर राप्रपाका ध्रुवबहादुर प्रधानले जितेका थिए ।


हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेप्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०





सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com